जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १२ २०७८ साल साउन १५ गते शुक्रबार (30 July 2021 Friday) मूल्य रु. ५/-

**वर्षातको समयमा आईपर्ने सम्भावित विपद् बाट बचौं र बचाऔं ।**

- बाढी, पहिरो, र डुबानको जोखिम भएका बस्तीहरुको अवस्थितिबारे जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई जानकारी गराऔं ।
- विपद् जुनसुकै बेलापनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राखौं ।
- प्रत्येक टोल बस्तीहरुमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कहाँबाट कति खोप, ... ३ पृष्ठमा : घट्दै फोरजीका ... ३ पृष्ठमा : ब्राजिलमा कोभिडबाट हुने ...

## प्राधिकरणले काटेको लाइन नगरपालिकाले आफै जोड्यो

**दैनिक समाचारदाता**
**राजविराज, १४ साउन ।**

नेपाल विद्युत प्राधिकरण बितरण केन्द्र राजविराजले विद्युत महसुल बाँकी रहेको भन्दै राजविराज नगरपालिकाको काटेको क स्लाइन २४ घण्टा नबित्दै नगरपालिकाले आफै जोडेको छ ।

जरिवानासहित २० लाख भन्दा बढी रकम विद्युत महसुल वक्यौता नतिरेपछि मंगलबार काटिएको राजविराज नगरपालिकाको विद्युत लाइन बुधबार आफ्नै कर्मचारी लगाएर नगरपालिकाले जोडेको विद्युत प्राधिकरण बितरण केन्द्र राजविराजले जनाएको छ ।

विद्युत प्राधिकरणले

*बाँकी अन्तिम पृष्ठमा*



## विश्वका १३२ देशमा फैलियो डेल्टा भेरियन्ट : डब्लुएचओ

जेनेभा, १४ साउन (रासस/एएनआई)।

विश्वभरी कोरोनाभाइरसबाट सङ्क्रमितको साप्ताहिक सङ्ख्या बढ्दै गएको पाइएको छ ।

यही जुलाई १७ देखि २५ सम्मको सात दिनमा त्यसको अघिल्लो हप्ताको तुलनामा आठ प्रतिशत वृद्धि भएको अधिकारीले जानकारी दिएका छन् । त्यस हप्ता ३८ लाख मानिस कोरोनाभाइरसबाट सङ्क्रमित भएका थिए ।

संयुक्त राष्ट्रसङ्घको स्वास्थ्यसम्वन्धी निकायको रुपमा रहेको विश्व स्वास्थ्य सङ्गठनले कतिपय क्षेत्रमा ३० प्रतिशतसम्म सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएको जनाएको छ ।

पछिल्लो हप्ता दैनिक विश्वभरी पाँच लाख ४० हजार सङ्क्रमित भएका छन् । त्यसअघि चार लाख ९० हजार औसतमा दैनिक सङ्क्रमित भएको डब्लएचओको भनाइ छ ।

त्यसैगरी अघिल्लो हप्ताको तुलनामा गत हप्ता मृत्यु भएकाको सङ्ख्यामा पनि थोरै वृद्धि भएको डब्लुएचओका अधिकारीले जनाएका छन् ।

डब्लुएचओले विश्वका १३२ देशमा कोरोनाभाइरसको डेल्टा भेरियन्ट फैलिएको पनि जानकारी दिएको छ ।

त्यसैगरी अल्फा भेरियन्ट १८२ देशमा, बेटा भेरियन्ट १३१ देशमा र गाम्मा भेरियन्ट ८१ देशमा पुगेको पनि डब्लुएचओले जनाएको छ ।

सङ्क्रमितको कुल सङ्ख्याका आधारमा अमेरिका सवैभन्दा अगाडि रहेको छ भने भारत, ब्राजिल, रुस, फ्रान्स, बेलायतलगायतका देशले क्रमशः अमेरिकालाई पछ्याइरहेका छन् ।

कतिपय देशमा कोरोनाभाइरसको चौथो चरणको महामारीसमेत शुरु भएको छ ।

## क्रिकेटर महवुब आलमलाई राष्ट्रिय सम्मानसहित बिदाइको माग



**दैनिक समाचारदाता**
**राजविराज, १४ साउन ।**

प्रदेश २ क्रिकेट संघले क्रिकेटर महवुव आलमलाई राष्ट्रिय सम्मानसहितको बिदाईको माग गरेको छ ।

महोत्तरीको बर्दिवासमा संघको बुधवार सम्पन्न बैठकले उक्त माग गर्दै बिभिन्न १५ वटा निर्णय समेत गरेको छ ।

सप्तरी निवासी, गिनिज वर्ल्ड रेकर्डधारी तथा बिश्व किर्तिमानी क्रिकेटर आलमले निकट भविष्यमा नै सन्यास लिने घोषणा गर्ने जानकारी गराए अनुसार उनको बिदाईमा कुनै कमी हुन नदिन प्रदेशले प्रभावकारी भुमिका निर्वाह गर्ने प्रदेश क्रिकेट संघका सचिव आयुश श्रेष्ठले जानकारी बताए ।

नेपाल क्रिकेट संघका कोषाध्यक्ष एवं प्रदेश क्रिकेट संघ प्रदेश नं. २ का सदस्य रोशन सिंहको बिशेष उपस्थितीमा संचालित बैठकले प्रदेशका खेलाडीहरुको स्वास्थ्य र जिवनलाई ध्यानमा राखि ५ लाख बरावरको बिमा गर्न सदस्य आकाश पाण्डेयलाई संयोजक तोकिएको छ ।

त्यस्तै बैठकले महिला राष्ट्रिय खेलाडी शोभा आलेलाई कार्यालय सचिवको रुपमा नियुक्ती, प्रदेश २ क्रिकेट संघको कार्यालय बर्दिवासमा राखि साउन २९ गतेबाट नियमित रुपमा कार्यालय संचालन गर्ने समेत निर्णय गरेको छ ।

त्यस्तै हालै स्वर्गवास भएका राष्ट्रिय खेलाडी कुन्दन सिंहको बचाउ अभियान अर्न्तगत बचत भएका रकमहरुलाई एकतृत गरि स्व. कुन्दन सिंह अक्षय कोष खोलि उक्त कोषलाई प्रदेश २ अर्न्तगतका

*बाँकी तीन पृष्ठमा*

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

**- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।**
**- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।**

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

**- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।**
**- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।**
**- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।**
**- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।**
**- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।**

**महत्वपूर्ण सवाल :**

**- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।**
**- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।**
**- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## सप्तरी उद्योग बाणिज्य संघ राजविराजको सदस्यता नविकरण सम्बन्धी अत्यावश्यक सूचना

सप्तरी उद्योग बाणिज्य संघको ११ औं साधारण सभा यही २०७८ असोज ९ गते शनिबारका दिन हुने भएको व्यहोरा सहर्ष जानकारी गराइन्छ। साथै यस संघका सदस्यहरुले आ-आफ्नो सदस्यता नविकरण मिति २०७८/०५/२५ गते भित्र गराउन हुनका लागि यो सूचना जारि गरिएको छ। उक्त मिति सम्ममा नविकरण नगराएको खण्डमा साधारण सभा र अधिवेशनमा सहभागि हुनबाट बञ्चित भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धीत सबैलाई जानकारी गराइन्छ।

**महासचिव**
**अनन्तलाल साह**
**सप्तरी उद्योग बाणिज्य संघ, राजविराज**

# उखुको बक्यौता रकम भुक्तानी गर्न माग

काठमाडौँ, १४ साउन (रासस)।

उखु किसानले सरकारसँग उखुको बक्यौता रकम भुक्तानीको व्यवस्था गरिदिन आग्रह गरेका छन्। चिनी मिलले लामो समयसम्म उखुको बक्यौता रकम भुक्तानी नगरेको भन्दै काठमाडौँ आएका किसानले रकम भुक्तानीको व्यवस्था मिलाइदिन सरकारसँग आग्रह गरेका हुन्।

बिहीबार रिपोटर्स क्लबमा पत्रकार सम्मेलन गर्दै किसानले भदौ ५ गतेसम्म रु १५ करोड बढी रहेको बक्यौता रकम भुक्तानीको समय दिएका हुन्। उखु किसान सङ्घर्ष समिति सर्लाही, राष्ट्रिय कृषि श्रमिक सङ्घ र उखु किसानले विगतमा भएको सहमति पालना नभएको भन्दै उक्त अवधिमा भुक्तानीको व्यवस्था मिलाउन आग्रह गरेका हुन्।

किसानले गत वर्षको मङ्सिरमा बक्यौता रकम भुक्तानीको माग गर्दै माइतीघरमा आन्दोलनसमेत गरेका थिए। उखु किसान सङ्घर्ष समिति एवं उद्योग मन्त्रालयबीच २०७७ साल पुस १३ गते पाँचबुँदे सहमति दोस्रोपटक भएको थियो। सहमतिअनुसार २१ दिनभित्र उखु किसानको सम्पूर्ण बाँकी बक्यौता रकम उद्योग मन्त्रालयले भुक्तानी गराउने जिम्मेवारी लिएको थियो। "उद्योग मन्त्रालयले उद्योगीको जायजेथा बिक्री गरेर भए पनि किसानलाई भुक्तानी गराउने जिम्मा लिएर पनि सम्पूर्ण भुक्तानी गराउन सकेन। किसानको भविष्यसँग खेलबाड गरिएको छ", समितिले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

उखु किसान सङ्घर्ष समिति सर्लाहीका सचिव हरिश्याम राय यादवले उखु किसानसँग सम्बन्धित अन्य समस्याका बारेमा सम्झौता भएको १२० दिनपछि गठित कार्यदलको प्रतिवेदन सार्वजनिक गर्ने भनेपनि हालसम्म सार्वजनिक नगरिएको जानकारी दिनुभयो। उहाँका अनुसार उद्योग मन्त्रालयले तयार गरेको प्रतिवेदतमा उद्योगीबाट कति रकम र नेपाल सरकारको अनुदानमध्ये कति रकम किसानलाई दिनुपर्ने हुन्छ, त्यसको किटानी गरिएको छैन। किटानी नभएकाले नै किसानका प्रतिनिधिले उक्त प्रतिवेदनमा हस्ताक्षरसमेत गरेका छैनन्। उखु किसान सङ्घर्ष समिति सर्लाहीका अध्यक्ष राम स्वार्थ राय छ वटा चिनी मिलले रु १५ करोड बढी रकम भुक्तानी नगरेको बताउनुहुन्छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले भने चिनी उद्योग तथा जिल्ला प्रशासन कार्यालयबाट सबै रकम भुक्तानी भएको जानकारी आएको जनाएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कहाँबाट कति खोप, कति आउन बाँकी

काठमाडौँ, १४ साउन (रासस)।

प्रधानमन्त्रीमा नियुक्त हुनुभएपछि शेरबहादुर देउवा नेतृत्वको सरकारको पहिलो मन्त्रिपरिषद्को बैठकले सबै नागरिकलाई खोप उपलब्ध गराउने निर्णय गऱ्यो। संसद्मा विश्वासको मत पाउदा प्रधानमन्त्री देउवाले पनि आफ्नो पहिलो प्राथमिकता खोप, खोप र खोप तीन पटक वाचन गर्नुभयो└ । यस्तै माथिका दुई उदाहरणले खोपमा सरकारको प्राथमिकता कति रहेछ भन्ने कुरा पुष्टि हुन्छ। अघिल्लो सरकारले पनि खोपलाई प्राथमिकतामा राखेर काम गरिहेकामा गत असार २९ गते बनेको सरकारले पनि नागरिकलाई कोरोना भाइरसबाट जोगाउनका लागि खोपलाई पहिलो प्राथमिकता राखेको छ।

अघिल्लो सरकारले पनि खोपलाई प्राथमिकतामा राख्दै ६० लाख मात्रा खोप प्राप्त भएको थियो। सरकारले आफैं खरीद गर, विभिन्न मुलुकले अनुदानमा र कोभ्याक्स कार्यक्रममार्फत खोप ल्याएको छ। सरकारले कूल जनसङ्ख्याको ७२ प्रतिशत अर्थात पहिलो प्राथमिकतामा रहेका दुई करोड १५ लाख र पछिल्लो समय १२ वर्षदेखि १८ वर्ष उमेर समूहका ४९ लाख गरी कूल दुई करोड ६५ लाखमा खोप लगाउने लक्ष्य लिएको छ। ती सबैलाई खोप लगाउनका लागि कूल पाँच करोड ३५ लाख मात्रा खोप आवश्यक हुने गर्दछ।

मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले कूल जनसङ्ख्याको ६० प्रतिशत मानिसलाई खोप लगाएमा रोग नियन्त्रण गर्न सकिने र सामाजिक तथा आर्थिक गतिविधि सञ्चालन गर्न सकिने धारणा राख्नुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वास्थ्यसेवा विभागअन्तर्गत परिवार महाशाखाका निर्देशक डा तारानाथ पोखरेलका अनुसार हालसम्म ९७ लाख ८२ हजार ८५० मात्रा खोप प्राप्त भइसकेको छ।

कोभिशिल्ड २४ लाख ४८ हजार, भेरोसेल ५८ लाख र जोन्सन एण्ड जोन्सन १५ लाख ३४ हजार ८५० मात्रा खोप प्राप्त भएको छ। तीमध्ये कोभ्याक्स सुविधामार्फत भारतबाट कोभिशिल्ड तीन लाख ४८ हजार र अमेरिकाबाट जोन्सन एण्ड जोन्सन १५ लाख ३४ हजार ८५० मात्रा, वैदेशिक अनुदानबाट २९ लाख मात्रा, चीनबाट १८ लाख मात्रा र भारतबाट ११ लाख मात्रा रहेका छन्। यसैगरी सरकारले खरीद गरेर ५० लाख मात्रा ल्याएको छ। भारतबाट कोभिशिल्ड १० लाख मात्रा र चीनबाट भेरोसेल ४० लाख मात्रा रहेको छ।

**आउन बाँकी**

यसैगरी सरकारले चीनबाट अनुदानमा १६ लाख मात्रा, चीनसँग खरीद गरेर ६० लाख भेरोसेल खोप आगामी भदौ मसान्तसम्म र भारतबाट खरीद गरिएको कोभिशिल्ड खोपको १० लाख मात्रा भदौ पहिलो साता नेपाल आइपुग्ने तालिका छ।

यसैगरी वैदेशिक अनुदानबाट चीन सरकारबाटै साउन मसान्तभित्रमा भेरोसेल खोपको १६ लाख मात्रा, कोभ्याक्स कार्यक्रममार्फत जापानबाट एष्ट्राजेनिका खोपको १६ लाख मात्रा भदौ पहिलो साता र कोभ्याक्समार्फत नै तीन लाख ३८ हजार मात्रा थप खोप नेपाल आउने तालिका छ।

परिवार कल्याण महाशाखाका निर्देशक डा पोखरेलका अनुसार कोभ्याक्समार्फत लागत सहभागितामा कोभिशिल्ड, मोर्डना, फाइजर, जोन्सन एण्ड जोन्सन र सिनोभ्याक गरी करीब एक करोड ५० लाख मात्रा तथा बालबालिकाका लागि ६० लाख मात्रा फाइजर खोप ल्याइने छ।

उहाँले बालबालिका लागि लगाउने खोप खरीदको प्रक्रिया शुरु गरिएको जानकारी दिनुभयो। सरकारको आगामी असोज मसान्तसम्म एक करोड पाँच लाख ४८ हजार खोप ल्याउने र असोजदेखि चैतसम्म नेपालमा थप तीन करोड २३ लाख मात्रा खोप आउने कार्यतालिका छ।

खोप ल्याएर असोज मसान्तभित्रमा खोप लगाउने लक्ष्यमध्ये ३३ प्रतिशतलाई खोप लगाइने र चैत मसान्तभित्र सबै लक्षित समूहलाई खोप लगाउने सरकारको लक्ष्य रहेको छ। चालू आर्थिक वर्षमा सरकारले कोभिड-१९ को रोकथाम, उपचार र नियन्त्रणका लागि रु ३७ अर्ब ५३ करोड रकम कोरोना भाइरसविरुद्धको खोपका लागि रु २६ अर्ब ७५ करोड बजेट विनियोजन गरेको छ। अहिलेसम्म नेपालमा ३५ लाख ४४ हजार ४३ जनाले पहिलो मात्रा र १५ लाख तीन हजार ३१२ जनाले दोस्रो मात्रा खोप लगाइसकेका छन्।

# बङ्गलादेशबाट आइपुग्यो ५२ हजार मेट्रिकटन युरिया मल

वीरगञ्ज, १४ साउन (रासस)।

बङ्गलादेशबाट खरिद गरिएको ५२ हजार मेट्रिकटन युरिया मल नेपाल आइपुगेको छ। सरकार- सरकार(जिटुजी) मार्फत रासायनिक मल खरिद गरिने सम्झौताअनुसार सो परिमाणको मल कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्ज, विराटनगर र भैरहवामा आइपुगेको हो।

जिटुजी सम्झौताअनुसार बङ्गलादेश सरकारले नेपाल सरकारलाई ५० हजार मेट्रिकटन युरियामल उपलब्ध गराउने भए पनि थप दुई हजार मेट्रिकटन गरी जम्मा ५२ हजार मेट्रिकटन सम्बन्धित कार्यालयमा आइपुगेको वीरगञ्ज कार्यालयका प्रदेश प्रबन्धक गोरखनाथ केसीले राससलाई बताउनुभयो। उहाँका अनुसार शुरुमा बङ्गलादेशले दिने ५० हजार मेट्रिकटन युरिया मलबाहेक थप दुई हजार मेट्रिकटन मलसमेत दिने सम्झौता भएपछि जम्मा ५२ हजार मेट्रिकटन मल केही दिनअघि नेपाल भित्रिएको हो।

दुवै देशका सरकारबीच भएको सम्झौताअनुसार नेपाल सरकारले साउन महिनाभित्र सबै मल प्राप्त गरिसक्नुपर्नेमा विश्वव्यापीरूपमा फैलिएको कोरोना सङ्क्रमणका कारण सबै क्षेत्र प्रभावित भएकाले बाँकी मल आउन केही ढिलाइ भए पनि अहिले सबै मल आइसकेकाले किसानलाई मलको अभाव नदेखिने प्रबन्धक केसीले राससलाई भन्नुभयो।

अघिल्लो वर्षसम्म मलको अभाव खेपिरहेका किसानलाई यस वर्ष समयमा मल पाउँदा र चाँडै रोपाइँ शुरु भएकाले पर्सा जिल्लामा यस वर्ष ३० प्रतिशतले बढी धान उत्पादन हुने कृषि ज्ञान केन्द्र पर्साका बालीविज्ञ सुरेशप्रसाद चौरसियाले बताउनुभयो।

नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगञ्जमा अहिले युरिया, डिएपी र पोटास मल मौज्दात अवस्थामा रहेको छ। उक्त मल पहिलो चरणको धान खेतीका लागि पर्याप्त भएको देखिन्छ। सो कार्यालयले आफ्ना १३१ जना थोक बिक्रेतामार्फत सिधै किसानसम्म मल पुऱ्याउने गरेको छ। एक पटकमा एक थोक बिक्रेतालाई बढीमा एक पटकको लागि १३० बोरासम्म मल दिने गरेको छ। सो मल बिक्रेताले स्थानीय तहले तोकेको मूल्यमा मल बेच्नुपर्ने प्रावधान रहेको छ। कतिपय बिक्रेताले मल ल्याउँदा ढुवानी खर्च बढी लाग्ने, बाटोमा प्रहरीले रकम माग्ने गरेकाले बढी खर्चको बहानामा किसानलाई चर्को मूल्यमा मल बेचेर कालोबजारी गर्ने गरेको किसानको आरोप छ।

धान लगाउने सिजन शुरु भएपछि किसानलाई सोझै कार्यालयले मल उपलब्ध नगराई थोक बिक्रेतामार्फत मल उपलब्ध गराउने गरेकाले चर्को मूल्यमा मल खरिद गर्न बाध्य रहेको रामगढवाका किसान विजय पण्डितको गुनासो छ। पर्सा जिल्लामा ९० प्रतिशत किसानले धानखेती गर्दै आएका छन्। पर्सामा कूल ४६ हजार ६०० हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ। चौध स्थानीय तह रहेको जिल्लामा हालसम्म ९० प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ।

# ३१ हजारकेजी हरियो केराउ बरामद

परासी, १४ साउन (रासस)।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) प्रहरीले ठूलो परिमाणमा हरियो केराउ बरामद गरेको छ। नेपालबाट भारततर्फ तस्करी हुँदै गरेका अवस्थामा जिल्लाको सीमावर्ती क्षेत्रबाट प्रहरीले ३१ हजारकेजी केराउ नियन्त्रणमा लिएको हो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी राजु लामाका अनुसार भैरहवाबाट नवलपरासी हुँदै भारततर्फ लैजान लागेका अवस्थामा बरामद गरिएको हो। बुधबार सातवटा पिकअप र एउटा ट्रकमा लैजाँदै गरिएको उक्त केराउको बजार मूल्य रु ३८ लाख ७५ हजार रहेको उहाँ बताउनुभयो। सातवटा पिकअप भैरहवाबाट ल्याउँदै गर्दा परासीको सीमा क्षेत्र र एउटा ट्रकमा केराउ अनलोड गरिरहेकै अवस्थामा सेमरी क्षेत्रबाट नियन्त्रणमा लिइएको हो।

प्रहरीका अनुसार ती पिकअपमध्ये छवटा भैरहवास्थित शिवशङ्कर इन्टरप्राइजेजबाट नवलपरासीको भारतीय सीमा क्षेत्रस्थित प्रतापपुर गाउँपालिका-५ को श्रीराम इन्टरप्राइजेज, अम्बे इन्टरप्राइजेज र सोनु एण्ड मोनु जनरल स्टोर्सका लागि लैजान लागिएको थियो भने एउटा पिकअपको केराउ शुभगणपति टेडर्स रामग्राम-१० बाट भारतीय सीमावर्ती क्षेत्र पाल्हीनन्दनको पडरीतर्फै लैजाँदै गर्दा नियन्त्रणमा लिइएको हो।

यस्तै प्रतापपुर-२ मा एसएस इम्पेक्स वीरगञ्जबाट रकिरोशन जनरल स्टोर्स प्रतापपुरतर्फ लैजान अनलोड गरिरहेका अवस्थामा आधा ट्रक केराउ नियन्त्रणमा लिइएको हो। बरामद गरिएका केराउको आवश्यक अनुसन्धानका लागि महेशपुर भन्सार वा राजश्व अनुसन्धान कार्यालयमा चलान गर्ने तयारी गरिएको प्रनाउ लामाले जानकारी दिनुभयो।

केही दिनअघि पनि भारतीय सीमा क्षेत्रबाटै प्रहरीले १८ हजार केजी हरियो मटर छवटा पिकअपसहित नियन्त्रणमा लिएको थियो। प्रहरीले पटकपटक ठूलो परिमाणमा हरियो केराउ बरामद गर्दै आए पनि तेस्रो मुलुकबाट आउने केराउको तस्करी रोकिएको छैन। तेस्रो मुलुकबाट सस्तोमा नेपाल आउने केराउ भारतमा महङ्गोमा बिक्री हुने भएकाले केराउको तस्करी अत्यधिक हुने गरेको बताइएको छ।

# घट्दै फोरजीका प्रयोगकर्ता

काठमाडौँ, १४ साउन (रासस)।

पछिल्लो समय नेपालमा फोरजीका ग्राहक घट्न थालेका छन्। केही महिना महिना अगाडिसम्म उल्लेख्य मात्रामा थपिएका ग्राहक पछिल्लो समय घट्न थालेका हुन्।

नेपाल दूरसञ्चार प्राधिकरणले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०७७/७८ को १० महिना (गत साउनदेखि जेठ मसान्तसम्म) को तथ्याङ्कअनुसार गत वैशाखको तुलनामा जेठमा प्रयोगकर्ता घटेको पाइएको हो। प्राधिकरणको तथ्याङ्कअनुसार वैशाख मसान्तसम्म ७६ लाख ९७ हजार ८६३ जना फोरजीका प्रयोगकर्ता रहेकामा जेठमा ७६ लाख ६४ हजार ४५९ पुगेको छ। गत वैशाखको तुलनामा जेठमा ३३ हजार ५०४ जनाले कमी आएको छ।

नेपालमा तीन दूरसञ्चार सेवा कम्पनीले फोरजी सेवा सञ्चालन गरेका छन् स। तीन कम्पनीमध्येमा सबैभन्दा धेरै ग्राहक एनसेलको छ। दश महिनामा सो कम्पनीका फोरजीका ग्राहक ४८ लाख पाँच हजार पुगेको छ। गत चैत महिनामा ५० लाख १७ हजार १७० रहेको जनाइएको छ।

सरकारी स्वामित्वमा सञ्चालित नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) नेपाल टेलिकमले २१ हजार बढी फोरजी प्रयोगकर्ता थपेको छ। वैशाखसम्म टेलिकमसँग २६ लाख ८६ हजार प्रयोगकर्ता रहेकामा जेठ महिनामा २७ लाख सात हजार ४२९ पु¥याएको प्राधिकरणले जनाएको छ।

यसैगरी स्मार्ट टेलिकमका फोरजी प्रयोगकर्ता एक लाख ५१ हजार ७१५ पुगेको छ। गत वैशाखसम्म स्मार्टका प्रयोगकर्ता दुई लाख छ हजार ३९३ जना रहेका थिए। स्मार्ट टेलिकमका फोरजीका मात्र ग्राहक रहेका छन्।

नेपालमा ९१ प्रतिशत जनसङ्ख्याको पहुँचमा इन्टरनेट सेवाको पहुँच पुगेको पाइएको छ। प्राधिकरणले जनसङ्ख्या प्रक्षेपण ( २०११-२०३०) लाई आधार मानेर प्रतिवेदन तयार पारेको हो। प्रतिवेदनमा प्राधिकरणले कूल जनसङ्ख्या दुई करोड ९८ लाख ७६ हजार ५३१ लाई आधार बनाएको छ।

प्राधिकरणको तथ्याङ्कअनुसार जेठसम्म दुई करोड ७७ लाख छ हजार ७११ जनाको पहुँचमा इन्टरनेट सेवा पुगेको छ। गत वैशाख महिनाको तुलनामा जेठमा तीन लाख ३१ हजार ४२२ बढी प्रयोगकर्ता थपिएका हुन्। गत वैशाखमा दुई करोड ७३ लाख ७५ हजार बढी प्रयोगकर्ता थिए। उक्त तथ्याङ्कअनुसार सबैभन्दा धेरै योगदान मोबाइल इन्टरनेटको रहेको छ। जेठसम्म मोबाइल इन्टरनेटको हिस्सा ६५ दशमलव ६८ प्रतिशत छ।

एक करोड २० लाख ५२ हजार बढीको पहुँचमा थ्रिजी इन्टरनेट पुगेको छ। यसमा सबैभन्दा धेरै टेलिकमको ९५ लाख ९० हजार र एनसेलको २४ लाख ६२ हजार रहेको जनाइएको छ। गत वैशाखमा एक करोड १९ लाख ५६ हजार प्रयोगकर्ता रहेकामा जेठमा करिब ९६ हजार बढी थ्रिजीका प्रयोगकर्ता थपिएका छन्। फिक्स ब्रोडब्याण्डको हिस्सा २५ दशमलव २७ प्रतिशत रहेको छ। यसमा एडिएसएलका सात लाख ८५ हजार र एफटिटिएच इन्टरनेट पाँच लाख ५६ हजार बढी रहेका छन्।

# कोरिया पठाउने काम नरोक्न निर्देशन

काठमाडौँ, १४ साउन (रासस)।

राष्ट्रियसभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत भाषा र सीप परीक्षा उत्तीर्ण युवा डेड वर्षदेखि कामका लागि दक्षिण कोरिया जान नपाएकामा ध्यान दिन सरकारलाई निर्देशन दिएको छ।

बिहीबारको बैठकमा सम्बन्धित मन्त्रालय र निकाय तथा पीडित पक्षसँगको छलफलपछि कोभिड-१९ लाई मात्रै कारण बनाएर ती युवालाई रोक्न नहुने जनाउँदै छिटो र सरल माध्यमबाट पठाउन समितिले निर्देशन दिएको हो।

सभापति रामनारायण विडारीले पीडत युवाले विभिन्न मन्त्रालयमा धाउँदा पनि काम नभएपछि आफू समक्ष उजूरी दिएकाले सरकारी अधिकारीसँग छलफल गर्नुपरेको र यसबारे तत्काल तदारुकताका साथ काम अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

दक्षिण कोरियाले नेपाली कामदार लिन तयार रहेको र कोभिडको बीमा गराई त्यहाँ पुगेपछि क्वारेन्टिनमा बस्ने गरी सिधा हवाई सम्पर्कमार्फत् पठाउन आग्रह गरेकामा दोस्रो लहरको सङ्क्रमणका कारण ढिलाइ भएको सरकारी अधिकारीले जनाएका थिए।

श्रम तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव सूर्यप्रसाद गौतमले सिधा हवाई उडानका लागि नेपाल एयरलाइन्सलाई अनुमति नभएकाले कोरियाली विमानबाट पठाउने प्रक्रिया शुरु गरिएको जानकारी दिनुभयो।

सदस्य राधेश्याम अधिकारीले कोरियास्थित नेपाली दूतावासले पनि यसबारे पनि पहल गर्नुपर्नेमा जोड दिनुभयो भने अर्का सदस्य डा खिमलाल देवकोटाले पीडित युवालाई मन्त्रालय र संसदीय समितिमा धाउन लगाउनु गलत भएकाले सम्बन्धित निकायका अधिकारीबाटै पहल हुनुपर्थ्यो भन्नुभयो।

# बालबालिकाका लागि खोपको व्यवस्थापन र क्वारेन्टिन निर्माण गर्न निर्देशन

काठमाडौँ, १४ साउन (रासस)।

प्रतिनिधिसभाअन्तर्गत महिला तथा सामाजिक समितिले बालबालिकालाई प्रयोग गर्न मिल्ने खोपको व्यवस्थापन गर्न र बालबालिकामैत्री क्वारेन्टिन निर्माण गर्न सरकारलाई निर्देशन दिएको छ।

समितिको बिहीबार बसेको बैठकले कोरोनाको तेस्रो लहरको जोखिम रहेकाले त्यसबाट आमनागरिक र विशेष गरी बालबालिकालाई सुरक्षित बनाउन आवश्यक व्यवस्थापन गर्न निर्देशन दिएको हो। समितिले विभिन्न देशमा बालबालिकालाई कोरोनाको खोप लगाई सुरक्षित बनाइरहेको भन्दै त्यो उमेर समूहमा प्रयोग गर्न मिल्ने खोपको प्रबन्ध गर्न सरकारलाई निर्देश गरेको हो।

समितिले अहिले देशभरमा बाल रोग विशेषज्ञको सङ्ख्या कम रहेकाले अरु उपलब्ध स्वास्थ्यकर्मीको समुचित परिचालन गर्न पनि निर्देश गरेको छ। समितिले स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीको वृत्तिविकासमा देखिएको समस्यालाई शीघ्र सम्बोधन गरी उच्च मनोबल कायम गर्न कोभिडः-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिलाई निर्देशन गरेको हो। सरकारले कोभिड भएका बालबालिकाको उपचारको व्यवस्था गर्न र कोभिडका कारण अभिभावक गुमाएका बालबालिकालाई संरक्षण गर्नुपर्ने समितिद्वारा जारी निर्देशनमा उल्लेख छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिडका कारण लामो समयसम्म घरभित्र सीमित बालबालिकालाई परेको नकारात्मक असर र त्यसको समाधान खोज्नुपर्ने निर्देशनमा उल्लेख छ। त्यस क्षेत्रमा रहेका समस्या समाधानका लागि बालबालिकासम्बन्धी ऐनमा भएको व्यवस्थाका आधारमा प्रत्येक स्थानीय तहमा एक जना बालकल्याण अधिकारीको व्यवस्था गर्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ। समितिले सरकारलाई तेस्रो लहरको कोरोना भाइरस न्यूनीकरणका लागि पूर्वतयारी गर्न रणनीति बनाउन, भौतिक संरचना र उपकरणको शीघ्र व्यवस्थापन र खोपको प्रबन्ध गर्न सरकारलाई निर्देशन दिएको बताइएको छ।

समितिका सदस्यले तेस्रो लहर आएपछि तयारी थाल्नुभन्दा अहिलेदेखि नै त्यसको रोकथाम, नियन्त्रण र आवश्यक उपचारका लागि मानवीय, पूर्वाधारलगायतका तयारी गर्नुपर्नेमा जोड दिएका छन्। समितिकी सभापति निरुदेवी पालले महिला र बालबालिकाका विषयमा जिल्ला र स्थानीय तहमा समन्वय गर्न सङ्घीय सरकारको संयन्त्र नभएको बताउनुभयो। जिल्लास्तरमा महिला र बालबालिकासम्बन्धी कार्यालय आवश्यक रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "पहिले कृषि कार्यालय जिल्लामा नभए पनि अहिले स्थापना गरिएको छ, त्यसरी नै महिला, बालबालिकासम्बन्धी शाखा जिल्लामा चाहिन्छ।"

समितिकी सदस्य अमृता थापाले राज्यको महत्व विपत्तिमा बढी हुने भएकाले सरकारले सबै नागरिकलाई खोप उपलब्ध गराएर राज्यको अनुभूति गराउनुपर्नेमा जोड दिनुभयो। अर्का सदस्य दुर्गाकुमारी विश्वकर्माले पहिलो लहरमा ज्येष्ठ नागरिक, दोस्रोमा युवा र तेस्रो लहरमा बालबालिकालाई जोखिम भएकाले आवश्यक तयारी गर्नुपर्नेमा जोड दिनुभयो।

समितिकी सदस्य लक्ष्मी परियारले कुनै पनि ठाउँमा क्वारेन्टिन बनाउँदा त्यसमा महिला र बालबालिका पनि आउन सक्छन् भन्ने सोचेर बनाउनुपर्नेमा जोड दिनुभयो। सदस्य गङ्गाकुमारी चौधरीले कुनै पनि स्वास्थ्य संस्थामा उपकरणसँगै त्यसको प्रयोग गर्न जान्ने जनशक्ति आवश्यक रहेकामा जोड दिनुभयो।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव यामकुमारी खतिवडाले मन्त्रालयले कोभिड प्रभावित बालबालिकाको तथ्याङ्क सङ्कलनसँगै आवश्यक सहयोग गरिँदै आएको बताउनुभयो। साहारा नभएर संस्थामा रहेका महिला र बालबालिकाको सामान्य उपचार मन्त्रालयको सिफारिसमा हुने गरे पनि ठूला खर्च लाग्ने समस्याको उपचारमा उनीहरुलाई समस्या भएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "जिल्ला तहमा हाम्रो शाखा नभएकाले पनि समन्वयमा समस्या भइरहेको छ।"

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले १२ वर्षभन्दामाथिका बालबालिका बढी हिँडडुल गर्ने हुँदा उनीहरु बढी जोखिममा रहेको बताउनुभयो। यो समूहका बालबालिकालाई खोप लगाउने व्यवस्था मिलाउन पहल गरिएको उहाँले बताउनुभयो। विभागको उपचाररत महाशाखाका प्रमुख पवनजङ्ग रायमाझीले नेपालमा बालरोग विज्ञ कम भएकाले अरु रोगसम्बन्धी विशेषज्ञलाई तालीम दिएर परिचालन गर्ने लक्ष्य लिइएको जानकारी दिनुभयो।

राष्ट्रिय बालअधिकार परिषद्का कार्यकारी निर्देशक मिलन धरेलले स्थानीय सरकारले बालबालिकालाई कोभिडबाट सुरक्षित गर्न पर्याप्त बजेट विनियोजन नगरेको बताउनुभयो।

### *क्रिकेटर महवुब ...*

खेलाडीहरुको स्वास्थ्य उपचारमा खर्च गर्ने समेत निर्णय गरिएको छ।

प्रदेश २ का टोलिको हालको प्रर्दशनलाई गम्भिर रुपमा लिई अगामी दिनमा बन्द शिविरको आयोजना प्रतियोगिता संचालन हुने स्थानमा नै गर्ने निर्णय गरेको छ भने बैठकले प्रदेश २ का अम्पायर तथा स्कोर तालिम भदौको दोश्रो साता सप्तरीको राजबिराजमा संचालन गर्ने, पिच क्युरेटरको माँग, प्रदेश संघको आर्थिक अवस्थामा सुदृढिकरण गर्न कोषाध्यक्ष पवन कुमार गुप्ताको संयोजकत्वमा अध्यक्षसंगको समन्वयमा जिम्मेवारी दिईने, जनवरी २०२० देखि डिसेम्वर २०२० सम्मको खर्चको अनुमोदन, उपाध्यक्ष सुनिल महासेठको संयोजकत्वमा सदस्यद्वय निरज कार्की र आकाश पाण्डेय रहने गरि प्रतियोगिता संचालन समिति गठन गठन गर्दै सल्लाहकारमा धनुषा जिल्ला क्रिकेट संघका पुर्व अध्यक्ष शिव नारायण झालाई मनोनयन गर्ने समेत निर्णय गरेको छ।

बैठकले संघको बार्षिक साधारण सभा निकट भविष्यमा नै गर्न प्रदेश अर्न्तगतका सम्पूर्ण जिल्लाहरुलाई पत्राचार गरि नामावली माँग गर्ने निर्णय गरिएको छ भने हाल बिद्यमान अवस्थालाई ध्यानमा राखि मिति, स्थान तथा प्रकृया बारे पछि जानकारी गराउने समेत निर्णय गरेको छ।

## विश्व समाचार

# ब्राजिलमा कोभिडबाट हुने मृत्यु अझै घटेन, एक दिनमै एक हजार ३४४ को मृत्यु

साओ पाओलो, १४ साउन (रासस/सिन्ह्वा)।

ब्राजिलमा कोभिड-१९ बाट हुने मृत्यु अझै पनि घट्न सकेको छैन। अधिकारीका अनुसार पछिल्ला केही दिनमा कोभिडबाट मृत्यु संख्या बढ्दै गएको छ।

कोभिड-१९ बाट धेरै प्रभावित देशको सूचीमा रहेको ब्राजिलमा २४ घण्टामा कोरोना भाइरसबाट कम्तीमा पनि एक हजार ३४४ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

ब्राजिलमा बुधबार मात्र पछिल्लो २४ घण्टा एक हजार ३४४ को ज्यान गएको मन्त्रालयका अधिकारीले जानकारी दिएका छन्। अहिलेसम्म सङ्क्रमणबाट ज्यान गुमाउने संख्या पाँच लाख ५३ हजार १७९ पुगेको छ।

यहाँका अधिकारीले बुधबार यसअघिका दिनको तुलनामा धेरै नागरिकको कोभिड-१९ सङ्क्रमणबाट निधन भएको बताएका छन्।

त्यसैगरी कोभिडबाट सङ्क्रमित हुनेको संख्या पनि गएको २४ घण्टामा करिब ४८ हजारभन्दा बढी रहेको छ। यो समेत गरी ब्राजिलमा कोभिडबाट सङ्क्रमित हुने नागरिकको संख्या एक करोड ९७ लाखभन्दा बढी रहेको पनि ब्राजिलको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ।

ब्राजिलमा दुई महिनाअघि कोभिड-१९ का सङ्क्रमित घटेको भएपनि पछिल्ला केही महिनामा भने यो संख्या बढ्दै गएको देखिएको छ।

सरकारले कोरोना भाइरसविरुद्धको खोपलाई प्राथमिकतामा राखेर नागरिकलाई खोप दिने गरेको छ। ब्राजिल सरकारले खोप दिने कामलाई देशव्यापी अभियानको रुपमा सञ्चालन गरेको छ।

ब्राजिलको साओ पाओलो शहर सबैभन्दा बढी सङ्क्रमणमा परेको शहर हो। ब्राजिलमा हरेक एक लाख सङ्क्रमितमा २५८ जनाको निधन भएको तथ्याङ्कले देखाइएको छ।

# भारतमा थप ४३ हजार सङ्क्रमित, ९७.३८ प्रतिशत सङ्क्रमणमुक्त

नयाँ दिल्ली, १४ साउन (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्यामा पछिल्लो समय फेरि वृद्धि हुँदै गएको छ।

केही दिन अगाडिसम्म ३५/४० हजारको हाराहारीमा रहेको दैनिक सङ्क्रमितको सङ्ख्या अहिले बढेर ४० हजारभन्दा बढी हुँदै गएको छ।

सरकारी अधिकारीले बिहीबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ४३ हजार ५०९ जना नयाँ सङ्क्रमित थपिएका हुन।

सोही अवधिमा ३८ हजार ४६५ जना सङ्क्रमणमुक्त भएका छन्। सङ्क्रमणमुक्त भएकाको सङ्ख्याभन्दा नयाँ सङ्क्रमितको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्यासमेतमा वृद्धि भएको छ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या तीन करोड सात लाख एक हजार ६१२ पुगेको जनाएको छ।

कुल सङ्क्रमितमध्ये ९७.३८ प्रतिशत सङ्क्रमित अहिले सङ्क्रमणमुक्त भइसकेको पनि मन्त्रालयले जानकारी दिएको छ।

भारतमा अहिलेसम्म कुल ४६ करोड २६ लाख २९ हजार ७७३ स्वाब परीक्षण गरिएको छ। त्यसैगरी अहिलेसम्म कुल ४५ करोड सात लाख छ हजार २५७ खोप प्रयोग भएको छ।

# अफगान सुरक्षाबलको कारबाहीमा परी २३ तालिबान लडाकू मारिए

मैमाना, अफगानिस्तान, १४ साउन (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तरी प्रान्त फर्याबमा लुकेर बसेका २३ तालिबान लडाकू अफगान सुरक्षाबलको कारबाहीमा मारिएका छन्।

फर्याब प्रान्तको पासतुन्कोट र आल्मार जिल्लामा लुकेका तालिबान लडाकूलक्षित अफगान सुरक्षाबलले बुधबार गरेको हवाइ कारबाहीमा परी २३ तालिबान लडाकू मारिएका सेनाका प्रवक्ता मोहमद हानिफ रेजाईले बिहीबार बताउनु भएको छ।

बुधबार अपराह्न भएको यस हवाई कारबाहीको क्रममा भारी संख्यामा हातहतियार, लडाकू समूहका चार ओटा मोटरसाइकललगायतका सामग्री बरामद गरिएको पनि सरकारी स्रोतले जानकारी दिएको छ।

तालिबानले नियन्त्रणमा लिएको अन्य प्रान्तमा पनि खोजी तथा सुरक्षाको कार्य जारी राखेको सरकारी सेनाले बताएको छ।

फर्याब प्रान्तको प्रमुख भाग नियन्त्रणमा लिएर प्रान्तीय राजधानी मैमाना शहर कब्जा गर्न आक्रमण गरिरहेका तालिबान आतंकवादीले अहिले कुनै टिप्पणी गरेका छैनन्।

# देशभर ३ हजार ३ सय ६५ जना कोरोना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १४ साउन ।**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पछिल्लो २४ घण्टामा देशभर ३ हजार ३ सय ६५ जना कोरोना संक्रमित पाइएको जनाएको छ । यस्तै १६ जनाको मृत्यु भएको छ भने १ हजार ३ सय ७३ जना संक्रमणमुक्त भएका छन् ।

नौं हजार ५ सय ५५ पीसीआर परीक्षणमा २ हजार ३ सय ३५ जना र ४ हजार ६ सय ८७ एन्टिजेन परीक्षणमा १ हजार ३० जना गरी ३ हजार ३ सय ६५ जनामा संक्रमण पुष्टि भएको हो ।

मन्त्रालयका अनुसार हाल देशभर सक्रिय संक्रमितको संख्या ३० हजार ३ सय ९० जना रहेका छन् । जसमध्ये २७ हजार ३ सय ५५ जना होम आइसोलेसनमा रहेका छन् भने ३ हजार ३५ जना संस्थागत आइसोलेसनमा छन् । कोरोनाका बिरामीमध्ये ६ सय ३६ जना आईसीयू र १ सय ६० जना भेन्टिलेटरमा उपचाररत् छन् ।

बिहीबार थपिएकासँगै नेपालमा कोरोना संक्रमितको कुल संख्या ६ लाख ९० हजार ३ सय ४२ पुगेको छ । ती मध्ये ९ हजार ८ सय ७ जनाको मृत्यु भएको छ भने ६ लाख ५० हजार ४ सय ४५ जना संक्रमणमुक्त भएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ५ सय ९७, झापामा २ सय ७२, कास्कीमा २ सय ४८, सुनसरीमा १ सय ७०, ललितपुरमा १ सय ५५ र भक्तपुरमा १ सय ८ जनामा कोरोना संक्रमण देखिएको छ ।

यस्तै चितवनमा ९६, मोरङमा ७२, मकवानपुरमा ६६, नवलपरासी पुर्वमा ५६, नुवाकोट र तनहुँमा ४५/४५ र रुपन्देहीमा ३४ जना कोरोना संक्रमित थपिएका छन् ।

गोरखामा ३१, कैलालीमा २७, दाङमा २६, बागलुङमा २०, सुर्खेतमा १७, धनकुटामा १५, पाल्पामा १४, जुम्लामा १३, सिन्धुपाल्चोकमा १२, सिन्धुलीमा ११ तथा सर्लाही, काभ्रेपलाञ्चोक र अर्घाखाँचीमा १०/१० जनामा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

# खोलाले बगाएर ल्याएको आधा शरीर बरामद

**दैनिक समाचारदाता**
**महोत्तरी, १४ साउन ।**

महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरस्थित रातो खोलाले एक जनाको आधा शरीर बगाएर ल्याएको अवस्थामा प्रहरीले बरामद गरेको छ ।

रातो खोलाको पश्चिमी किनारमा बुधबार प्रहरीले टाउकोसहित शरीरको आधा भाग नरहेको अवस्थामा शव बरामद गरेको हो ।

जलेश्वर नगरपालिका ३ स्थित मलिवारा गाउँमा बग्दै गरेको रातो नदीको किनारमा पानीमा तैरिरहेको अवस्थामा सो आधा शव फेला परेको प्रहरीले जनाएको छ ।

शवको टाउको, छाती नरहेको र पेटलगायतका आधा भाग पनि सडेगलेको अवस्थामा पानीमा तैरिरहेको फेला परेका कारण महिला पुरुष के रहेको कुरा पनि खुल्न नसकेको जनाइएको छ ।

यता प्रहरीले सो शव परीक्षणका लागि जिल्ला अस्पताल जलेश्वरमा पठाएको जनाएको छ ।

## *प्राधिकरणले काटेको...*


राजविराज नगरपालिकालाई विद्युत महसुल वापत बुझाउन बाँकी रहेको वक्यौता तिर्न पटक पटक ताकेता गर्दा पनि नगरपालिका कार्यालयले वेवास्ता गरेपछि गत मंगलबार प्राधिकरणले नगरपालिकाको लाइन काटेको थियो ।

बितरण केन्द्रका निमित्त प्रमुख बिमल साहले विद्युत अभावमा कार्यालयको काम प्रभावित भएको भन्दै नगरपालिकाका विद्युत फाँटका कर्मचारीले पोलबाट लाइन जोडेका जानकारी दिएका छन् ।

महसुल नतिरिकन आफैले लाइन जोडेको थाहा पाएपछि आफ्नै नेतृत्वमा बिहीबार एक टोली नगरपालिका पुगेर आपत्ति प्रकट गरेको निमित्त प्रमुख साहले बताए । बाँकी वक्यौता रकम किस्तामा भएपनि छिटै तिर्ने प्रमुख प्रशासकीय अधिकृत मदन थापासँग भएको मौखिक सहमति पश्चात् आफूहरु फर्किएको उनले बताए ।

प्राधिकरणका निमित्त प्रमुख साहले नगरपालिकाले विभिन्न ठाउँमा ५ वटा मिटर मार्फत विद्युत लाइन उपभोग गर्दै आएको तथा ती सबै वक्यौता जोड्दा जरिवानासहित २० लाख भन्दा बढी पुगेको उल्लेख गरे ।

यता नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत थापाले विद्युत प्राधिकरण बितरण केन्द्रको बिद्युत महसुल वापतको वक्यौता रकम आपसी सहमतिमा चाडै बुझाउने छलफल भएको बताउँदै प्राधिकरणले लाइन नकाटेको र आफूहरुले पनि आफ्नो कर्मचारी लगाएर लाइन पनि नजोडेको दाबी पनि गरे ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*